आज मिति २०७८ साल वैशाख २० गते म्याङलुङ नगरपालिकाका नगर प्रमुख श्री संजय कुमार तुम्वाहाङ्फे ज्यूको संयोजकत्वमा नगर विपद व्यवस्थापन समितको वैठक तपशिलमा उल्लेखित महानुभावहरुको उपस्थितीमा वसि देहाय अनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिती विवरण :**

१. संयोजक- नगर प्रमुख : श्री संजय कुमार तुम्बाहाङफे

२.सदस्य-नगर उपप्रमुख : श्री पार्वती सानु डांगी

३.सदस्य-प्रमुख जिल्ला अधिकारी श्री जयराज भण्डारी

४.सदस्य-प्रमुख प्रशासकिय अधिकृत : श्री टेककुमार रेग्मी

५.सदस्य-जिल्ला प्रहरी कार्यालय तेह्रथुम,प्र.ना.उ.:श्री गौतम थापा

६.सदस्य-शसत्र प्रहरी वल नेपाल नं.३ गुल्म,श.प्र.ना.उ : श्री नवराज तामाङ

७.सदस्य-राष्ट्रिय अनुसन्धान प्रमुख : श्री श्याम चौधरी

८.सदस्य-नेपाली सेना, :

९.सदस्य-विषयगत समिति संयोजक : श्री शम्भु तुम्बाहाङफे

१०.सदस्य-विषयगत समिति संयोजक : श्री होम वहादुर खापुङ

११.सदस्य-विषयगत समिति संयोजक : श्री सुनिल लिम्वु

१२.सदस्य- विषयगत समिति संयोजक : श्री करुणा लिम्वु

१३.सदस्य-विषयगत समित संयोजक : श्री निर्मला कट्टेल

१४.सदस्य-पुर्वाधार विकास शाखा :ई.श्री उमेश कुमार शाह

१५.सदस्य-नेपाल कम्यूनिष्ट पार्टि-नेकपा : श्री शुभ भगत प्रधानाङ्ग

१६.सदस्य-नेपाली कांग्रस पार्टि : श्री प्रेम कुमार तुम्वाहाङफे

१७.सदस्य-संघिय समाजवादि पार्टि : श्री

१८.सदस्य-नेपाल रेडक्रस सोसाईटी,जिल्ला शाखा तेह्रथुम : श्री श्रीकृष्ण दाहाल

१९.सदस्य-गैसस महासंघ नेपाल,जिल्ला शाखा तेह्रथुम : श्री रेनुका भट्टराई

२०.सदस्य-नेपाल पत्रकार महासंघ,जिल्ला शाखा तेह्रथुम :

२१.सदस्य-योजना अधिकृत : श्री मनिशा श्रेष्ठ

२३.सदस्य सचिव-सामाजिक विकास अधिकृत: श्री जगदिश सुवेदी

**आमन्त्रित महानुभावहरु :**

१.जिल्ला अस्पताल डा.अनुपम घिमिरे

२.जिल्ला स्वास्थ्य प्रमुख श्री योगराज घिमिरे

**प्रस्ताव तथा निर्णयहरु :**

१.विश्व महामारीको रुपमा फैलिई रहेको कोरोना भाईरस (COVID-19) हाल नयाँ भेरियन्टमा फैलिई रहेकोले यसको संक्रमण एवं जोखिमको रोकथाम तथा नियन्त्रणका लागि श्री सरस्वती मा.वि.म्याङलुङ १०,तेह्रथुममा हाललाई ३० वेड क्षमताको आईसोलेशन निर्माणका लागि आवस्यक पुर्व तयारी गर्ने र आईसोलेशन निर्माणका लागि आवस्यक पर्ने सम्पुर्ण सामाग्रिहरुको व्यवस्थापन म्याङलुङ नगरपालिकाले गर्ने निर्णय गरियो ।

२.संसद विकास कोषवाट प्राप्त रकम रु.५० लाख मध्ये रु.४० लाखवाट अस्पताल नजिकै आईसोलेशन सेन्टर (उपभोक्ता समिति मार्फत) निर्माण गर्ने र वाँकि रु.१० लाखवाट कोभिड रोकथाम तथा नियन्त्रणका लागि आवस्यक सामाग्रिहरु,औषधी एवं स्वास्थ्य उपकरणहरु खरिद गर्ने निर्णय गरियो ।

३.कोभिड १९ वाट संक्रमितहरुको स्वाव संकलन एवं स्वाव परिक्षणका लागि स्वाव परिक्षण गर्ने स्वास्थ्य संस्थाहरुसम्म पुर्‍याउनका लागि १ सवारी साधन भाडामा लिई प्रयोग गर्ने निर्णय गरियो ।

४.आम नागरिकहरुलाई कोभिड १९ को संक्रमण जोखिवाट वच्न तथा वचाउनका लागि व्यापक रुपमा सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने,वडा स्तरमा वडाध्यक्षको अध्यक्षतामा गठित समितिवाट कोभिडवाट संक्रमितहरुलाई आफ्नै घरमा होम क्वारेन्टाईनमा वस्नका लागि प्रोत्साहित गर्ने,विदेश तथा जिल्ला वाहिरवाट आउनेहरुलाई २ हप्तासम्म होम क्वारेन्टाईनमा वस्न अनुरोध गर्ने,उनिहरुको कडाईका साथ अनुगमन गर्नुका साथै उल्लेखित कार्यको प्रतिवेदन नगर स्तरिय विपद व्यवस्थापन समितिमा पेश गर्ने निर्णय गरियो ।

५.नगर स्तरमा कोभिड १९ सम्वन्धि सूचना संप्रेषणको लागि स्वास्थ्य शाखा संयोजक श्री मिना मादेन लिम्वुलाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

आज मिति २०७८ साल बैशाख २३ गते म्याङलुङ नगरपालिकाका नगर प्रमुख श्री संजय कुमार तुम्वाहाङ्फे ज्यूको संयोजकत्वमा नगर विपद व्यवस्थापन समितको वैठक तपशिलमा उल्लेखित महानुभावहरुको उपस्थितीमा वसि देहाय अनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिती विवरण :**

१. संयोजक- नगर प्रमुख : श्री संजय कुमार तुम्बाहाङफे

२.सदस्य-नगर उपप्रमुख : श्री पार्वती सानु डांगी

३.सदस्य-प्रमुख जिल्ला अधिकारी श्री जयराज भण्डारी

४.सदस्य-प्रमुख प्रशासकिय अधिकृत : श्री टेककुमार रेग्मी

५.सदस्य-जिल्ला प्रहरी कार्यालय तेह्रथुम,प्र.ना.उ.:श्री गौतम थापा

६.सदस्य-शसत्र प्रहरी वल नेपाल नं.३ गुल्म,श.प्र.ना.उ : श्री नवराज तामाङ

७.सदस्य-राष्ट्रिय अनुसन्धान प्रमुख : श्री श्याम चौधरी

८.सदस्य-नेपाली सेना, सह सेनानी :श्री सुमन खत्री

९.सदस्य-विषयगत समिति संयोजक : श्री शम्भु तुम्बाहाङफे

१०.सदस्य-विषयगत समिति संयोजक : श्री सुनिल लिम्वु

११.सदस्य-विषयगत समिति संयोजक : श्री होम वहादुर खापुङ

१२.सदस्य- विषयगत समिति संयोजक : श्री करुणा लिम्वु

१३.सदस्य-विषयगत समित संयोजक : श्री निर्मला कट्टेल

१४.सदस्य-नेपाल कम्यूनिष्ट पार्टि-एमाले : श्री शुभ भगत प्रधानाङ्ग

१५.सदस्य-नेपाली कांग्रस पार्टि : श्री प्रेम कुमार तुम्वाहाङफे

~

१६.सदस्य-नेपाल कम्यूनिष्ट पार्टि-माओवादी : श्री दिपक कट्टेल –

१७.सदस्य-संघिय समाजवादि पार्टि : श्री

१८.सदस्य-नेपाल रेडक्रस सोसाईटी,जिल्ला शाखा तेह्रथुम : श्री श्रीकृष्ण दाहाल

१९.सदस्य-गैसस महासंघ नेपाल,जिल्ला शाखा तेह्रथुम : श्री रेनुका भट्टराई

२०.सदस्य-नेपाल पत्रकार महासंघ,जिल्ला शाखा तेह्रथुम :टि.आर.सेनेहाङ

२१.सदस्य-पुर्वाधार विकास शाखा :ई.श्री उमेश कुमार शाह

२२.सदस्य-अनुगमन,प्रशासन तथा योजना अधिकृत : श्री मनिशा श्रेष्ठ

२३.सदस्य सचिव-सामाजिक विकास अधिकृत: श्री जगदिश सुवेदी

**आमन्त्रित महानुभावहरु :**

१.वडा अध्यक्ष १.नं.वडा कार्यालय,श्री ईन्द्रराज लिम्वु

२.वडा अध्यक्ष ३ नं. वडा कार्यालय,श्री पदम प्रसाद ढुंगाना

३.वडा अध्यक्ष ४ नं.वडा कार्यालय,श्री राम वहादुर खड्का

४.वडा अध्यक्ष ५ नं.वडा कार्यालय,श्री होम वहादुर खड्का

५.वडा अध्यक्ष ६ नं. वडा कार्यालय,श्री ईन्द्र लिम्वु

६.वडा अध्यक्ष ७ नं.वडा कार्यालय,श्री नारायण प्रसाद आचार्य

७.वडा अध्यक्ष ९ नं. वडा कार्यालय,श्री राजेन्द्र तामाङ

८.जिल्ला अस्पताल डा.अनुपम घिमिरे

९.जिल्ला स्वास्थ्य प्रमुख श्री योगराज घिमिरे

१० स्वास्थ्य शाखा प्रमुख :श्री मिना मादेन

११. ई. मनिष मान शाक्य, पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, फिदिम।

**प्रस्ताव तथा निर्णयहरु :**

१.विश्व महामारीको रुपमा नयाँ भेरियन्ट सहित तिव्र गतिमा फैलिई रहेको कोरोना भाईरसवाट नगरपालिका क्षेत्रमा परेको प्रभाव,असर तथा समग्र अवस्थाको सन्दर्भमा स्वास्थ्य शाखा प्रमुख श्री मिना मादेनवाट वैठकमा उपस्थित माहानुभावहरु समक्ष अवगत गराईयो ।

२.मिति २०७७।०१।२३ गते जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र,तेह्रथुमवाट भएका महत्वपुर्ण निर्णयहरु वैठकका सम्पुर्ण महानुभावहरुमा अवगत गराईयो ।

३.कन्ट्र्याक ट्रेसिङमा परेका तथा कोभिड १९ परिक्षणका लागि स्वाव दिएका व्यक्तिहरुको पुर्ण विवरण सम्वन्धित वडा अध्यक्ष वा अध्यक्षले तोकेको जनप्रतिनिधि,जिल्ला प्रहरी कार्यालय, मातहतका प्रहरी चौकीहरु तथा जिल्ला प्रशासन कार्यालयमा जानकारीका लागि उपलब्ध गराउने साथै कन्ट्र्याक ट्रेसिङमा परेका तथा कोभिड १९ परिक्षणका लागि स्वाव दिएका व्यक्तिहरु कडाईका साथ होम आईशोलेशनमा वसे नवसेको प्रभावकारी रुपमा अनुगमन गर्ने निर्णय गरियो ।

४.जिल्ला वाहिरवाट आएका मानिसहरुलाई अनिवार्य रुपमा २ हप्ता होम क्वारेन्टाईनमा वस्ने व्यवस्था मिलाउने निर्णय गरीयो ।

५.कोभिड १९ को वढ्दो संक्रमणको Chain Break गर्न जिल्ला सदरमुकाम लगायत नगर क्षेत्रका अन्य स्थानमा लाग्ने हाट वजारमा अत्यावस्यक वस्तु तथा सेवा,खाद्यान्न,औषधी पसल,तरकारी,फलफुल,माछामासु,दुग्ध डेरी वाहेक अन्य सम्पुर्ण वस्तु तथा सेवाको पसलहरु मिति २०७८।०१।२३ गते राति १२.०० वजे देखी मिति २०७८।०१।३१ गते राति १२.०० वजे सम्म पुर्ण रुपमा वन्द गर्ने निर्णय गरियो । साथै अनावस्यक मानिसहरुको हिडडुललाई समेत रोक लगाउने निर्णय गरियो ।

६.कोभिड १९ को संक्रमण नियन्त्रण तथा रोकथामका लागि म्याङलुङ नगरपालिका वडा नं.१० स्थित श्री सरस्वती मा.वि.मा ५० वेड क्षमताको क्वारेन्टाईन स्थापना गर्ने निर्णय गरियो ।

७.आन्तरीक यातायात आवागमन सम्वन्धमा अति आवस्यक वाहेकका सवै सवारी साधनहरुलाई आवागमनमा रोक लगाउने निर्णय गरियो ।

८.नगरपालिका अन्तरगत रहेका सम्पुर्ण स्वास्थ्य संस्था तथा तहाँ कार्यरत जनशक्तिहरु प्रभावकारी रुपमा परिचालित भई सेवा प्रवाह गर्ने निर्णय गरियो ।

९.कोरोना संक्रमणवाट कसैको मृत्यू भएमा म्याङलुङ नगरपालिका वडा नं.२ स्थित रातेटारमा सव व्यवस्थापन गर्ने निर्णय गरियो ।

१०.संक्रमितहरुको स्वाव संकलनका लागि आवस्यक VTM खरीद गर्ने निर्णय गरियो ।

आज मिति २०७८ साल बैशाख ३० गते म्याङलुङ नगरपालिकाका नगर प्रमुख श्री संजय कुमार तुम्वाहाङ्फे ज्यूको संयोजकत्वमा नगर विपद व्यवस्थापन समितको वैठक तपशिलमा उल्लेखित महानुभावहरुको उपस्थितीमा वसि देहाय अनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिती विवरण :**

१. संयोजक- नगर प्रमुख : श्री संजय कुमार तुम्बाहाङफे

२.सदस्य-नगर उपप्रमुख : श्री पार्वती सानु डांगी

३.सदस्य-प्रमुख जिल्ला अधिकारी श्री जयराज भण्डारी

४.सदस्य-प्रमुख प्रशासकिय अधिकृत : श्री टेककुमार रेग्मी

५.सदस्य-नेपाली सेना,सेनानी :श्री विष्णु कार्की

६.सदस्य-जिल्ला प्रहरी कार्यालय तेह्रथुम,प्र.ना.उ.:श्री गौतम थापा

७.सदस्य-शसत्र प्रहरी वल नेपाल नं.३ गुल्म,श.प्र.ना.उ : श्री नवराज तामाङ

८.सदस्य-राष्ट्रिय अनुसन्धान प्रमुख : श्री श्याम चौधरी

९.सदस्य-विषयगत समिति संयोजक : श्री शम्भु तुम्बाहाङफे

१०.सदस्य-विषयगत समिति संयोजक : श्री सुनिल लिम्वु

११.सदस्य-विषयगत समिति संयोजक : श्री होम वहादुर खापुङ

१२.सदस्य- विषयगत समिति संयोजक : श्री करुणा लिम्वु

१३.सदस्य-विषयगत समित संयोजक : श्री निर्मला कट्टेल

१४.सदस्य-नेपाल कम्यूनिष्ट पार्टि-एमाले : श्री शुभ भगत प्रधानाङ्ग

१५.सदस्य-नेपाली कांग्रस पार्टि : श्री प्रेम कुमार तुम्वाहाङफे

१६.सदस्य-नेपाल कम्यूनिष्ट पार्टि-माओवादी : श्री दिपक कट्टेल

१७.सदस्य-संघिय समाजवादि पार्टि : श्री

१८.सदस्य-नेपाल रेडक्रस सोसाईटी,जिल्ला शाखा तेह्रथुम : श्री विर वहादुर के.सि.

१९.सदस्य-गैसस महासंघ नेपाल,जिल्ला शाखा तेह्रथुम : श्री रेनुका भट्टराई

२०.सदस्य-नेपाल पत्रकार महासंघ,जिल्ला शाखा तेह्रथुम :टि.आर.सेनेहाङ

२१.सदस्य-पुर्वाधार विकास शाखा :ई.श्री उमेश कुमार शाह

२२.सदस्य-अनुगमन,प्रशासन तथा योजना अधिकृत : श्री मनिशा श्रेष्ठ

२३.सदस्य सचिव-सामाजिक विकास अधिकृतः श्री जगदिश सुवेदी

**आमन्त्रित महानुभावहरु :**

१.वडा अध्यक्ष १.नं.वडा कार्यालय,श्री ईन्द्रराज लिम्वु

२.वडा अध्यक्ष ३ नं. वडा कार्यालय,श्री पदम प्रसाद ढुंगाना

३.वडा अध्यक्ष ४ नं.वडा कार्यालय,श्री राम वहादुर खड्का

४.वडा अध्यक्ष ५ नं.वडा कार्यालय,श्री होम वहादुर खड्का

५.वडा अध्यक्ष ६ नं. वडा कार्यालय,श्री ईन्द्र लिम्वु

६.वडा अध्यक्ष ७ नं.वडा कार्यालय,श्री नारायण प्रसाद आचार्य

७.वडा अध्यक्ष ९ नं. वडा कार्यालय,श्री राजेन्द्र तामाङ

८.कार्यपालिका सदस्य :श्री विमला श्रेष्ठ

९.कार्यपालिका सदस्य :श्री लक्ष्मि तामाङ

१०.कार्यपालिका सदस्य :श्री विन्दु आङ्मामे

११.कार्यपालिका सदस्य :श्री श्याम रसाईली

१२ स्वास्थ्य शाखा प्रमुख :श्री मिना मादेन

**प्रस्ताव तथा निर्णयहरु :**

१.नयाँ भेरियन्ट सहित माहामारीको रुपमा फैलिएको कोभिड १९ को दोस्रो लहरको वढ्दो संक्रमणको जोखिम रोकथाम तथा नियन्त्रणका लागि आवागमन तथा भिडभाड नियन्त्रण एवं व्यवस्थापनका लागि मिति २०७८।०२।०१ गते देखि मिति २०७८।०२।०७ गते सम्म नगर विपद् व्यवस्थापन समितिको मिति २०७८।०१।२३ गतेको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

२.खाद्यान्न,औषधी,सागसव्जी,दुध तथा अन्य दैनिक अत्यावस्यक उपभोग्य वस्तुहरुको खरीद विक्रिका लागि विहान ६.०० वजे देखी विहान १०.०० वजे सम्म पसलहरु खुल्ला गरी विक्रि वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

३.कोरोना संक्रमणवाट कसैको मृत्यू भएमा म्याङलुङ नगरपालिका वडा नं.१ स्थित शिकारी थुम्का क्षेत्रमा सव व्यवस्थापन गर्ने निर्णय गरियो ।

४.विश्व महामारीको रुपमा नयाँ भेरियन्ट सहित तिव्र गतिमा फैलिई रहेको कोरोना भाईरसको दोस्रो लहरवाट संक्रमितहरु र जिल्ला वाहिरवाट आएका व्यक्तिहरु जो आफ्नै घरमा पुर्णत:सुरक्षित रुपमा होम क्वारेन्टाईनमा वस्ने अवस्था छैन उनिहरुका लागि जिल्ला प्रशासन कार्यालय,नेपाली सेना,नेपाल प्रहरी तथा सशस्त्र प्रहरीसंग समन्वय गरी नगरपालिकाले श्री सिंह वाहिनि मा.वि.मा व्यवस्थापन गरेको क्वारेन्टाईन सञ्चालन गर्ने निर्णय गरियो । साथै क्वारेन्टाईनमा वस्ने सेवाग्रहीहरुका लागि आवस्यक खानपान तथा अन्य व्यवस्था नगरपालिकाले गर्ने निर्णय गरियो ।

५.क्वारेन्टाईनमा १४ दिनसम्म वसेका संक्रमितहरुमा कोरोना भाईरशको कुनै लक्षणहरु नदेखीएमा डक्टरको सल्लाह अनुसार सम्वन्धित वडाका वडा अध्यक्षको रोहवरमा घर पठाउने निर्णय गरियो ।

६.आगामी दिनमा कन्ट्रयाक ट्रेसिङमा परेका व्यक्तिहरुको नमुना परिक्षणका लागि प्रदेश प्रयोगशालामा चाप वडि भएको हुँदा धनकुटा,वि.पि.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतका अन्य प्रयोगशालामा समन्वय गरी नमुना परिक्षणको लागि अनुरोध गर्ने निर्णय गरियो ।

७.नगरपालिका क्षेत्रमा समेत कोरोना भाईरशवाट संक्रमितहरुको संख्या दिनानुदिन वढ्दो अवस्थामा रहेकोले यसको संक्रमण जोखिमको रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका स्थित वैंक तथा वित्तिय संस्थाहरुवाट प्रवाह गरिने सम्पुर्ण वैंकिङ सेवाहरु सिमित कर्मचारी परिचालन गरी पुर्ण रुपमा सुरक्षा मापदण्डको पालना गरी अर्को सूचना जारी नभए सम्म दिउँसो २.०० वजे सम्म मात्र सञ्चालन गर्नका लागि वैंक तथा वित्तिय संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

८.निर्माणाधिन मध्य पहाडी लोकमार्ग अन्तरगत म्याङलुङ जिरिखिम्ति सडक खण्डमा वर्षातका कारण सवारी आवागमनमा कठिनाई भएकोले सम्वन्धित ठेकेदारसंग समन्वय गरी सवारी आवागमनलाई सहज वनाउने निर्णय गरियो ।

९.कोरोना भाईरसको संक्रमण जोखिम रोकथाम तथा नियन्त्रणका लागि आवस्यक पर्ने स्वास्थ्य सम्वन्धि उपकरणहरु (अक्सिजन,VTM आदि) प्रदेश तथा संघिय सरकारसंग माग गर्ने निर्णय गरियो ।

१०.केश अनुसन्धान तथा केश खोज पड्ताल टोली (CICT TEAM) गठन गरी सक्रिय रुपमा परिचालन गर्ने निर्णय गरियो ।

आज मिति २०७८ साल जेठ ७ गते म्याङलुङ नगरपालिकाका नगर प्रमुख श्री संजय कुमार तुम्वाहाङ्फे ज्यूको संयोजकत्वमा नगर विपद व्यवस्थापन समितको वैठक तपशिलमा उल्लेखित महानुभावहरुको उपस्थितीमा वसि देहाय अनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिती विवरण :**

१. संयोजक- नगर प्रमुख : श्री संजय कुमार तुम्वाहाङ्फे

२.सदस्य-नगर उपप्रमुख : श्री पार्वती सानु डांगी

३.सदस्य-प्रमुख प्रशासकिय अधिकृत : श्री टेककुमार रेग्मी

४.सदस्य-जिल्ला प्रहरी कार्यालय तेह्रथुम,प्र.ना.उ.:श्री गौतम थापा

५.सदस्य-शसत्र प्रहरी वल नेपाल नं.३ गुल्म,श.प्र.ना.उ : श्री नवराज तामाङ

६.सदस्य-राष्ट्रिय अनुसन्धान प्रमुख : श्री श्याम चौधरी

७.सदस्य-नेपाली सेना,सुवेदार :श्री कुल वहादुर महत

८.सदस्य-विषयगत समिति संयोजक : श्री शम्भु तुम्वाहाङ्फे

९.सदस्य-विषयगत समिति संयोजक : श्री सुनिल लिम्वु

१०.सदस्य-विषयगत समिति संयोजक : श्री होम वहादुर खापुङ

११.सदस्य- विषयगत समिति संयोजक : श्री करुणा लिम्वु

१२.सदस्य-विषयगत समित संयोजक : श्री निर्मला कट्टेल

१३.सदस्य-नेपाल कम्यूनिष्ट पार्टि-एमाले : श्री शुभ भगत प्रधानाङ्ग

१४.सदस्य-नेपाली कांग्रस पार्टि : श्री प्रेम कुमार तुम्वाहाङफे

१५.सदस्य-नेपाल कम्यूनिष्ट पार्टि-माओवादी : श्री दिपक कट्टेल

१६.सदस्य-संघिय समाजवादि पार्टि : श्री

१७.सदस्य-नेपाल रेडक्रस सोसाईटी,जिल्ला शाखा तेह्रथुम : श्री श्रीकृष्ण दाहाल

१८.सदस्य-तेह्रथुम उद्योग वाणिज्य संघ, : श्री महेन्द्र प्रसाद काफ्ले

१९.सदस्य-गैसस महासंघ नेपाल,जिल्ला शाखा तेह्रथुम : श्री प्रेमराज फम्वो

२०.सदस्य-नेपाल पत्रकार महासंघ,जिल्ला शाखा तेह्रथुम :टि.आर.सेनेहाङ

२१.सदस्य-पुर्वाधार विकास शाखा :ई.श्री उमेश कुमार शाह

२२.सदस्य-अनुगमन,प्रशासन तथा योजना अधिकृत : श्री मनिशा श्रेष्ठ

२३.सदस्य सचिव-सामाजिक विकास अधिकृत: श्री जगदिश सुवेदी

**आमन्त्रित महानुभावहरु :**

१.प्रमुख जिल्ला अधिकारी श्री जयराज भण्डारी

२.जिल्ला अस्पताल डा.अनुपम घिमिरे

३.जिल्ला स्वास्थ्य प्रमुख श्री योगराज घिमिरे

४.वडा अध्यक्ष १.नं.वडा कार्यालय,श्री ईन्द्रराज लिम्वु

५.वडा अध्यक्ष ३ नं. वडा कार्यालय,श्री पदम प्रसाद ढुंगाना

६.वडा अध्यक्ष ४ नं.वडा कार्यालय,श्री राम वहादुर खड्का

७.वडा अध्यक्ष ५ नं.वडा कार्यालय,श्री होम वहादुर खड्का

८.वडा अध्यक्ष ६ नं. वडा कार्यालय,श्री ईन्द्र लिम्वु

९.वडा अध्यक्ष ७ नं.वडा कार्यालय,श्री नारायण प्रसाद आचार्य

१०.वडा अध्यक्ष ९ नं. वडा कार्यालय,श्री राजेन्द्र तामाङ

११.कार्यपालिका सदस्य :श्री विमला श्रेष्ठ

१२.कार्यपालिका सदस्य :श्री लक्ष्मि तामाङ

१३.कार्यपालिका सदस्य :श्री विन्दु आछामे

१४.कार्यपालिका सदस्य :श्री श्याम रसाईली

१५ कार्यपालिका सदस्य :श्री गणेश शंकर

१६ स्वास्थ्य शाखा प्रमुख :श्री मिना मादेन

**प्रस्ताव तथा निर्णयहरु :**

१.कोरोना भाईरसवाट नगरपालिका क्षेत्रमा परेको प्रभाव,असर तथा समग्र अवस्थाको सन्दर्भमा स्वास्थ्य शाखा प्रमुख श्री मिना मादेन र जिल्लाको समग्र अवस्थाको वारेमा जिल्ला अस्पतालका डा.अनुपम घिमिरेवाट वैठकमा उपस्थित माहानुभावहरु समक्ष अवगत गराईयो ।

२.नयाँ भेरियन्ट सहित माहामारीको रुपमा फैलिएको कोभिड १९ को दोस्रो लहरको वढ्दो संक्रमण जोखिम रोकथाम तथा नियन्त्रण गर्न आवागमन तथा भिडभाड नियन्त्रण एवं व्यवस्थापन कार्यलाई मिति २०७८।०२।०८ देखी मिति २०७८।०२।१४ गते सम्म कडाईका साथ लागु गर्ने र अवस्थाको विष्लेषण गरी आवस्यकता परेमा डिसिसिएमसी समक्ष निषेधाज्ञाका लागि सिफारिश साथ अनुरोध गर्ने निर्णय गरियो ।

३.खाद्य सामाग्रि तथा दैनिक उपभोग्य वस्तुहरुको कृतिम अभाव सृजना गर्ने तथा मुल्यवृद्धि गरी सामाग्रिहरुको विक्रि वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नका लागि जिल्ला प्रशासन कार्यालय,तेह्रथुम,जिल्ला प्रहरी कार्यालय,तेह्रथुम उद्योग वाणिज्य संघ,पत्रकार माहासंघ,नगरपालिका तथा अन्य सरोकारवाला निकायहरुले नियमित अनुगमन गर्ने निर्णय गरियो ।

४.तरकारी तथा अन्य दैनिक उपभोग्य वस्तुहरुको आपुर्ति सहजताका लागि हटिया व्यवस्थापन गर्ने सन्दर्भमा सधैं हटिया लाग्ने स्थान भन्दा वैकल्पिक स्थानहरु निर्धारण गर्ने साथै सोको जानकारीका लागि सार्वजनिक सुचना प्रशारण गर्ने र उल्लेखित स्थानहरुमा समेत स्वास्थ्य मापदण्डको पुर्ण रुपमा परिपालना गराई व्यवस्थापन गर्ने निर्णय गरियो ।

५.ईमर्जेन्सी विरामी परेका व्यक्तिहरुको एन्टिजेन परीक्षणका लागि नगरपालिकासंग सम्पर्कमा आएका व्यक्तिहरुलाई जिल्ला अस्पताल,तेह्रथुम समक्ष प्रेषण गर्ने निर्णय गरियो ।

६.विपद व्यवस्थापन कोषमा आवस्यक रकम विनियोजन गर्नका लागि नगर कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

७.परम्परागत संस्कारको रुपमा समुदायमा सञ्चालन गरिने विवाह,व्रतवन्ध,जन्मोत्सव,काजक्रिया आदि जस्ता कार्यहरु सकेसम्म आफ्नो घर परिवार सदस्यहरुको मात्र सहभागितामा सञ्चालन गर्नका लागि सम्वन्धित सवैमा जानकारी तथा अनुरोध गर्ने निर्णय गरियो ।